क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

Revolutionary Communist Party of Nepal

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No.

चलानी नं./Regd. No.

मिति : ....................................

# प्रेस-वक्तव्य

शिक्षक महासङघ र नेपाल सरकारका बीच गरिएका पूर्व सहमतिहरु कार्यान्वयनको बाटो खोल्न कानून निर्माणको माग राखी गत चैत २० देखि शिक्षकहरुले सुरु गरेको शान्तिपूर्ण आन्दोलनमाथि ओली नेतृत्वको गठबन्धन सरकार प्रहरी दमनमा उत्रेको छ । आज पानीको फोहरा तथा लाठीचार्जबाट करिब पाँच दर्जन शिक्षकहरु घाइले भएका छन् । प्राइम टेलिभिजनकी पत्रकार सविना कार्की दुइटै आँखामा चोट लागेर गम्भीर अवस्थामा छिन् ।

तीन दिनभित्र पठनपाठनको वातावरण बनाउन अदालतले सरकारलाई दिएको आदेश समेतको अवज्ञा गरी प्रहरी दमनमा उत्रिने र व्यवस्थापिकामा विधेयक नै प्रस्तुत नगरी कानून बनाउने प्रक्रियामा अंकुश लगाउने कार्यले ओली सरकार गंभीर फासीवादको दिशामा गएको मात्र प्रमाणित गर्दैन यसले संसदीय व्यवस्थाको कथित शक्ति पृथकीकरणको सिद्धान्त समेतको धज्जी उडाएको छ । यसले वस्तुतः संसदीय व्यवस्था भनेको लोकतन्त्रको नाममा फासीवादको अभ्यास गर्ने थलो हो भन्ने पुष्टि गरेको छ ।

हाम्रो पार्टी शिक्षकहरुको शान्तिपूर्ण आन्दोलनमाथि गरिएको यस प्रकारको सरकारी दमनको तीव्र निन्दा र घोर भर्त्सना गर्दछ । साथै, घाइतेहरुको निशुल्क उपचार गर्न र सरकारले शिक्षक महासंघसँग गरेका पूर्वसहमतिहरु अविलम्ब लागु गरी विद्यालयमा पठनपाठनको वातावरण बनाउन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

मिति : वैशाख १४, २०८२

गौरव

कार्यवाहक महासचिव

सम्पर्क कार्यालय कुपण्डोल, सम्पर्क इमेल : rcp.nepal2023@gmail.com

Contact Office: Kupondole, Contact Email : rcp.nepal2023@gmail.com